१. आदरणीय नगर उप-प्रमुखज्यू, आदरणीय अतिथिज्यूहरु, कार्यपालिका तथा नगरसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा अधिकृतहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु, सल्लाहकार, विभिन्न संघ-संस्था प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थिति सम्पूर्ण महानुभावहरु !

२. नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित नगर सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

३. ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र नेपालको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै, विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरु सबैको योगदानको स्मरण गर्दछु ।

४. गत वर्ष २०७५।०३।६ गते सम्मानित नगर सभामा **"समृद्ध नगर : खुसी नगरबासी"** सहितको नीति तथा कार्यक्रम प्रस्तुत गरेको थिएँ, जुन नीति तथा कार्यक्रमलाई टेकेर आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्धेश्य, लक्ष्य रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो। सोही अनुसार कामहरु भईरहेको छ र परिणाम आउने क्रम जारी छ ।

५. तिलोत्तमा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा

आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

६. नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । **'मालिक होइन, सेवक हौं'** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं।

७. आर्थिक वर्ष २०७६/२०७७ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्ध नगर : खुशी नगरबासी"** रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्यनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।अहिलेसम्म हामीले चलाएका अभियान, विकास निर्माण तथा नीतिगत निर्णय देश भित्रका विभिन्न कार्यक्रम तथ मंचहरुमा नगर सरकारको प्रभावशाली उपस्थिति एवं प्रस्तुतिले राष्ट्रिय जीवनमा तिलोत्तमाको विश्वास र आकर्षण बढेको छ । देशभरीका पालिकाहरुबाट हाम्रो प्राथमिकताहरुमा समर्थन र सहयोग प्राप्त भएको छ । नगर सरकारको विकास प्रयासमा प्रदेश सरकार, संघीय सरकार, विकास साझेदारहरुको साथ र सद्भाव वृद्धि भएको छ ।

८. स्थानीय नागरिकहरुको चाहना र भावना अनुसारका सेवा-सुविधा, आवश्यकताको व्यवस्थापन, कार्यान्वयन तथा नियमन गर्ने निकाय नगर सरकार एवं जनप्रतिनिधि नै हुन् भन्ने विश्वास बढिरहेको छ । नागरिकको सो विश्वास अनुसार हामीले काम गरिरहेका छौ । जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन र नागरिकको दुख सुखमा साथ दिने गरी सघन रुपमा अगाडि बढेको छ । नगर सरकार जनताको सुख दुखमा घरदैलोमा पुगेको छ।

९. नगर सरसफाई र हरियाली प्रवर्धन कार्यक्रमको ४१ औ श्रृखला पुगेको छ । चैत्र मासन्ततसम्म योजना सम्झौता र जेठ मसान्त भित्रै पूर्वाधार तर्फको भुक्तानी लिईसक्नु पर्ने व्यवस्था मिलाईएको छ।

१०. सबै वडा कार्यालयहरु अलग अलग रुपमा संचालनमा रहेका छन् । हालसम्म ९ आफ्नै भवन, १ वटा सामुदायिक भवनबाट सेवा प्रवाह गरेका छन् भने ६ वटा निर्माणाधिन रहेका छन्,

११. हालसम्मको हाम्रो कार्यकाल उत्साहवर्धक र उपलब्धीमूलक रहेको छ । नगर सरकारका नीतिले स्थानीय सरकारलाई बलियो बनाउन टेवा पुर्याएको छ। **"हरेक दिन-नयाँ सोच र नयाँ काम"** गर्ने शैलीले नगरबासीहरुमा आशा र उत्साहको संचार भएको छ । वडा कार्यालयहरुको सवलीकरण भै रहेकोछ ।

१२. हाम्रो कार्यकालमा नै **"समृद्ध तिलोत्तमा"** को आधार खडा गर्ने उच्च महत्वका साथ विकास व्यवस्थापन र सेवा प्रवाहका कामहरु भईरहेका छन् ।

**नगर सभाका सदस्यज्यूहरु :**

१३. नगर सरकार सबैसँग सहकार्य गर्दै सबै क्षेत्रमा तीव्र गतिमा उत्कृष्ट उपलब्धिहरु हासिल गर्दै **"समृद्ध नगर: खुशी नगरबासी "** दिशामा अघि बढ्ने छ । आगामी आर्थिक वर्ष तिलोत्तमा नगरको लागि **"तीव्र विकासको वर्ष "** हुनेछ । यस अभियानमा सबै सरोकारवालाहरुको साथ र सहकार्यको लागि आव्हान समेत गर्दछु ।

१४. **विकासको कोशे ढुँगो (Mile Stone)** को रुपमा रहेका चालु आर्थिक वर्षमा हासिल गरिएका उपलब्धिहरुको जग, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०७४ का सान्दर्भिक नियमहरु, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, सहस्राव्दी विकास लक्ष्य, जनतासँग

गरिएका प्रतिबद्धताहरुलाई केन्द्रबिन्दुमा राखी नगर सरकारको तर्फबाट मैले आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । नगर सरकारको यो नीति तथा कार्यक्रम **"समृद्ध नगर : खुशी नगरबासी"** को आकांक्षा पूरा गर्ने दिशातर्फ केन्द्रित छ ।

१५. नागरिकले अनुभूति गर्ने गरी विकासको प्रतिफल वितरण, शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार, क्रमागत आयोजना सम्पन्न, कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसाय, लगानीको वातावरण र लगानी सम्मेलन, **नगरको मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट)** को सुरुवात, सुशासन, समावेशी विकास, दीगो विकास, सहस्राब्दी विकास लक्ष्य, नगर सरसफाई र हरियाली प्रवर्धन, वातावरण संरक्षण लगायत विकासका समसामयिक मुद्धाहरुलाई निरन्तर सम्बोधन, नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्य र नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकारसँग सहअस्तित्व, समन्वय र सहकार्यलाई प्राथमिकतामा राखिने छ ।

**शिक्षा प्रणाली :**

१६. **'विद्यालयको शैक्षिक र भौतिक सुधारः बालबालिका विद्यालय प्रवेशको पहिलो आधार'** भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारमा लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र लगनशीलताका साथ अगाडि बढिनेछ । यस क्षेत्रको सुधारका लागि कुनै प्रकारका बहानाबाजी, निहीत स्वार्थ हाम्रा लागि स्वीकार्य हुने छैन । शिक्षा प्रणालीको सुधार हचुवाका भरमा होइन कि स्थापित मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ चालु आर्थिक वर्षका कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षलाई **"शैक्षिक सवलीकरणको वर्ष घोषणा"** गर्दै शैक्षिक विकासका नयाँ र सिर्जनशील कार्यक्रमहरु संचालन गरिनेछ ।

१७. शिक्षा प्रणालीलाई आर्थिक/सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्नका लागि सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँचको

सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदान प्रदान, शिक्षा क्षेत्रका **“आशालाग्दा अभ्यास”** र **“प्रयास गरे परिवर्तन सम्भव छ”** भन्ने मान्यता स्थापितका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई **"शैक्षिक हब"** को रुपमा विकास गरिनेछ । यसका लागि आवश्यक शैक्षिक क्षेत्रमा सुशासन, सामुदायिक विद्यालय सवलीकरण, भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व, सघन र नियमित अनुगमन, समन्वयतात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरु शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा संचालन गरिनेछ ।

१८. नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएका पाठहरुको आधारमा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै रणनीतिक ढंगले अगाडि बढाइनेछ । आगामी २ वर्ष भित्र सामुदायिक र संस्थागत विद्यालय बीचको दुरी समान गर्ने, सामुदायिक विद्यालयप्रति थप आकर्षण बढाउने रणनीति अवलम्बन गरिनेछ ।

१९. **"सामुदायिक विद्यालयको पूर्वाधार सुधार कार्यक्रम"** अन्तरगत कम्पाउण्ड वाल तथा बाल शिक्षा कक्षा कोठा सुधार गरिने छ । टिनका छाना भएका सामुदायिक विद्यालयहरुमा क्रमशः **“फल्स सिलिङ्ग”** राख्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । उक्त कार्यक्रम आधारभूत तहबाट सुरु गरी क्रमश: सबै विद्यार्थीहरुलाई टिनको प्रत्यक्ष छानामुनी बस्नु पर्ने बाध्यताको अन्त्य गरिनेछ । सबै विद्यालयलाई सूचना प्रविधिसँग आवद्ध गराइनेछ । प्रत्येक **"विद्यालय क्षेत्र भित्र आकर्षक फुलबारी निर्माण"** गरिने छ । विद्यालय तथा क्याम्पसहरुको भोगाधिकार प्राप्त प्रयोगविहिन जग्गामा वृक्षारोपण तथा हरियाली प्रवर्धन तथा अन्य उपयुक्त विकल्प पहिचान गरी उत्पादनमूलक बनाइनेछ । भूकम्प प्रतिरोधी विद्यालय संरचना निर्माणमा जोड दिइनेछ । हाल संचालनमा रहेका विद्यालयहरु भवनमा भूकम्प प्रतिरोधी प्रविधि जडानमा आवश्यक सहजिकरण गरिनेछ । भौतिक पूर्वाधारयुक्त विद्यालयहरुमा प्राविधिक - शिक्षा अध्ययन

-अध्यापनको लागि आवश्यक पहल गरिनेछ । गत आ.ब.मा समायोजना गरिएका सामुदायिक विद्यालयको भौतिक सम्पत्तिको उच्च प्राथमिकताका साथ संरक्षण गरिनेछ ।

२०. शिक्षा क्षेत्रमा हालसम्म सम्पादन भएका क्रियाशलापहरुसमेतलाई समेटि **"सार्वजनिक विद्यालय सवलीकरण कार्यक्रम"** घोषणा गरिनेछ । सबै सामुदायिक विद्यालयमा अध्ययनरत **"छात्राहरुलाई सेनेटरी प्याड निशुल्क वितरण र दिवा खाजा कार्यक्रम"** लाई गुणस्तरमा सुधार गरी निरन्तरता दिइनेछ । नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान र सरुवाको मापदण्ड तयार पारी **"शिक्षक - विद्यार्थी अनुपात"** समतामूलक रुपमा व्यवस्थापन गरिनेछ । विद्यालय अनुगमन, विद्यार्थी भर्ना अभियान, केही विद्यालयको विस्तृत योजना निर्माण, सबै विद्यालयलाई पूर्णसरसफाईयुक्त र हरियाली, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन । यसैगरी सामुदायिक तथा संस्थागत विद्यालयबीचको दुरी कम गर्दै सबै विद्यालयप्रति आम नागरिकको विश्वास र आकर्षण वृद्धि गर्न सामाजिक सचेतना अभियान संचालन गरिने छ । **दायित्व नेपालसँग**को सहकार्यमा युवाहरु केन्द्रित फेलोसिप कार्यक्रम संचालन गरिनेछ ।

२१. नागरिक शिक्षा, लुम्बिनीको महत्व, आत्मअनुशासन, सदाचारिता र कर्तव्यपराण लगायतका विषयहरु स्थानीय पाठ्यक्रमको विकास गरिने छ । हाल संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि गरिनेछ भने नगरका अन्य उपयुक्त स्थानमा सिकाइकेन्द्र स्थापना गर्न आवश्यक समन्वय गरिनेछ । विद्यालय शिक्षाको गुणस्तर बढाउन मातृभाषा र अर्न्तराष्ट्रिय भाषा (अंग्रेजी) लाई सिकाईको माध्यमको रुपमा अपनाउनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२२. **"नगर प्रमुख छात्रवृत्ति कोष"** को प्रभावकारिता अभिवृद्धिका लागि यसको दायरा फराकिलो बनाई नगरको शैक्षिक विकासमा कोशेढुँगाको रुपमा विकास गरिनेछ । संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई उपलब्ध

गराउनु पर्ने छात्रवृत्तिलाई १० प्रतिशत कायम गरी प्रभावकारी कार्यान्वयन गराईनेछ । अल्पसंख्यक, सीमान्तकृत, अनाथ, अपाङ्गता, दलित, विपन्न समूह र न्यून आय भएका समुदायका बालबालिकालाई आधारभूत तहको शिक्षाका लागि छात्रवृत्तिको विशेष व्यवस्था गरिनेछ ।

२३. गुरुकूल, गुम्बा, विहार, मदरसा, खुला एवम् बैकल्पिक शिक्षा कार्यक्रम संचालनका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ । लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री सिकाई प्रणालीलाई संस्थागत गर्नको लागि उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४. **"विद्यालयमा सुशासन"** लाई प्रवर्धन गर्नको लागि विद्यालय व्यवस्थापन समिति पुर्नगठन हुन बाँकी रहेका विद्यालयहरुको व्यवस्थापन समिति पुनर्गठन टुङ्गाइनेछ । विद्यालय अनुगमन-मूल्याङ्कनलाई सघन रुपमा संचालन गरिनेछ ।

२५. वार्ड नं १४ मा रहेको साविकको नर्मदेश्वर आधारभूत विद्यालय रहेको स्थानमा सूचना प्रविधि लगायत अन्य प्राविधिक शिक्षा अध्यापनका लागि **"तिलोत्तमा सिटी कलेज"** स्थापनाको लागि प्रदेश सरकारको समपूरक कोष र नगरपालिकाको संयुक्त लगानीमा आवश्यक पूर्वाधार निर्माणको बजेट प्रस्ताव गरी प्रदेश सरकार समक्ष पठाई सकिएको छ भने सम्बन्धित निकायसँग सम्बन्धन लिई संचालनको काम अगाडि बढाइनेछ ।

२६. नगरभित्रका सामुदायिक संस्कृत क्याम्पसहरुको संस्थागत विकास र स्तरोउन्नतीका लागि आवश्यक पहल गरिनेछ । नगर भित्रका क्याम्पसको सहकार्यमा सुशासन र विकाससँग सम्बन्धित विभिन्न विधामा शोधकार्य अगाडि बढाइनेछ । राममणि बहुमुखी क्याम्पसलाई **"प्रादेशिक विश्वविद्यालय"** को रुपमा स्तरोउन्नती गर्न र शैक्षिक गुणस्तरमा सुधार ल्याउन भरपूर सहयोग गरिनेछ ।

२७. संस्थागत विद्यालयका छाता संगठनहरुको आपसी छलफलमा संस्थागत विद्यालयहरुको क्षमता अभिवृद्धिमा ध्यान पुर्याइनेछ ।

स्वास्थ्य :

२८. **"स्वस्थ्य नगरबासी : स्वस्थ्य नगर"** भन्ने नारालाई नै निरन्तरता दिई गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कामलाई निरन्तता दिइनेछ । नगरभित्रका सबै वर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधार गरी सुरक्षित मातृत्वको हकलाई सुनिश्चित गरिनेछ । साथै, वर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई प्रोत्साहन भत्ता स्वरुप रु.५००।- उपलब्ध गराइनेछ ।

२९. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । उमेर पुगेका महिला स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी संचालन गरिएको **"सुनौलो अवकाश योजना"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ । सिकलसेल एनिमिया रोकथामका कार्यक्रम संचालन गरिनेछ ।

३०. प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व बाल तथा शिशु स्वास्थ्य सेवाहरुको सवलीकरण गरिनेछ । नगर भित्रका उपयुक्त स्थानमा **"भ्याक्सिन सव सेन्टर र कोल्ड सेन्टर"** स्थापना गर्दै पूर्ण खोपको सुनिश्चितता गरिनेछ ।

३१. ५ नं. प्रदेश सरकार र सम्बन्धित विद्यालयको सहकार्यमा माध्यामिक तहका केहि विद्यालयहरुमा स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ । किशोर-किशोरीहरुलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य जस्ता विषयहरुलाई समेटी **"किशोर-किशोरी शिक्षा"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३२. मौजुदा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापनलाई सुधार गरी भरपर्दो स्वास्थ्य सेवा केन्द्रका रुपमा रुपान्तरण गरिने छ । वडा नं.-१७ मा रहेको **"वीपी ग्राम"** संचालनमा रहेका आन्तरिक विवादहरुको व्यवस्थापन गरी भौतिक पूर्वाधार सहित **"आधुनिक प्रसुति गृह"** को रुपमा विकास गरिनेछ । नेपाल सरकारद्धारा तिलोत्तमा वार्ड नं. १ र ८ मा निर्माणाधिन **"प्रादेशिक सरकारी मेडिकल कलेज"** को निर्माण कार्यमा आवश्यक सहयोग पुर्याइनेछ । वडा नं ४ मा निर्माण हुने

**"गौतमुद्ध सामुदायिक मुटु अस्पताल"** निर्माणको कार्यमा आवश्यक समन्वय र सहकार्य गरिने छ । नगरका बाँकी वडाहरुमा शहरी स्वास्थ्य केन्द्र निर्माणको लागि केन्द्र तथा प्रदेशसरकारसँग माग गरिने छ ।

३३. धुम्रपान, मध्यपान र लागू औषध सेवन र दुर्व्यसनीलाई न्यूनिकरण गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नगरपालिका भित्र रहेको आयुर्वेद औषधालयको स्तरोउन्नती गर्दै योग, ध्यान, साधना केन्द्र र प्राकृतिक चिकित्सक सेवा संचालनका लागि प्रोत्साहन गरिनेछ।

३४. स्वास्थ्य चौकीमा रहेका प्रयोगशालाहरुको दिगोपनको लागि **"प्रयोगशाला व्यवस्थापन कोष"** खडा गरी सेवालाई निरन्तरता प्रदान गरिनेछ । नागरिक बिरामी हुँदा आवश्यक पर्ने रगत, **"रक्त सेवा सहयोग कार्यक्रम"** मार्फत रगत प्राप्त गर्दा लाग्ने ल्याव शुल्कको शोधभर्ना दिइनेछ ।

३५. स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र उपभोगको अवधारणालाई कार्यान्वयनमा ल्याउन संघीय र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

कृषि :

३६. नगरपालिका भित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई **"कृषि उत्पादनमा आत्मनिर्भर"** बनाउन समुदाय, प्रदेश र संघीय सरकारसँगको सहकार्यमा आवश्यक रणनीति तय गरिनेछ ।

३७. **'एक घर एक करेसाबारी - पकेट क्षेत्रमा व्यवसायिक तरकारी'** भन्ने नाराका साथ सुरु गरिएको **"तरकारी पकेट क्षेत्र"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । अर्गानिक तरकारी उत्पादनमा कृषकहरुलाई आकर्षित गर्न **"अर्गानिक तरकारी उत्पादन सहुलिय कार्यक्रम"** घोषणा गरिनेछ ।

३८. बाली विशेषका उत्पादन पकेट क्षेत्र विकास गर्नको लागि वडा नं.-१४ तरकारी पकेट क्षेत्र, वाड नं. १२ लाई **"मकै पकेट क्षेत्र"** वाड नं. १७

लाई **"गहुँ वाली पकेट क्षेत्र"**, वाड नं.-१३/१४ लाई **"माछा सुपर जोन"** वडा नं.-६ र ११ लगायतका वडाहरुलाई **"बाखापालन क्षेत्र"** घोषणा गरी समुदाय, सहकारी र सरकार (नगर, प्रदेश र संघ) को सहकार्यमा अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

३९. **“माछा उत्पादनमा आत्मनिर्भर”** नगरपालिका घोषणाको लागि माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत रकम अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

४०. नगरपालिका भित्रका महत्वपूर्ण तालतलैया, कुवाँ र पोखरी लगायत प्राकृतिक जलाशय संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गरिनेछ ।

४१. नगरपालिका क्षेत्रमा सञ्चालित साना किसान सहकारी संस्था लि., बैंक तथा वित्तीय संस्थाहरुले कम्तिमा १५ जना कृषकलाई कृषि ऋण उपलव्ध गराई सोही प्रयोजनमा सदुपयोग हुन गएमा वा यस नगरपालिका भित्रका विभिन्न समूह (आमा समूह, टोल विकास संस्था, क्लव) लाई नगद/वस्तुगत सहायता उपलव्ध गराएमा त्यस्ता बैंकलाई **“हाम्रो बैंक”** नामक टोकन प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२. महिलाहरुको मात्र समूह गठन गरी व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय संचालन गरेमा उनीहरुले बैंक तथा सहकारीबाट लिएको १० लाख सम्मको ऋणको व्याजदरमा २% नगद अनुदान दिने कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिइनेछ ।

४३. सार्वजनिक महत्व लगायतका कार्यक्रममा आयातित फूलको प्रयोग नगर्ने अभियानलाई सफल पार्नको लागि फूलमालाको आयातलाई पूर्णरुपमा निरुत्साहित गरी **"स्थानीय फूलमाला प्रोत्साहन कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

४४. कृषि कार्यमा लाग्ने ईन्धनको नियमित आपूर्तिलाई व्यवस्थित गर्न स्थानीय ईन्धन डिपोहरुसँग सहकार्य र ट्र्याक्टरलगायत कृषि औजारमा देखिएको एकाधिकारलाई नियन्त्रण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५. सिंचाई प्रणाली आसपासका **जग्गाहरु बाँझो राख्न नपाउने** व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै,

घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. कृषि हाटबजारहरुलाई व्यवस्थित तवरले संचालन गरिनुका साथै कुनै व्यक्ति तथा संघ-संस्थाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटबजार संचालन गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

४७. **"व्यवसायिक रुपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान : सबै किसानलाई उत्पादनमा आधारित अनुदान"** नीति अवलम्वन गरिनेछ । दुग्ध उत्पादक किसानहरुलाई उत्पादनको आधारमा प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।यो कार्यक्रमको लागि पर्याप्त स्रोतको सुनिश्चित गरिनेछ । नगरपालिका भित्र दुधको मूल्यमा एकरुपता कायम गरिनेछ । पशुपालन किसानहरुलाई दिँदै आएको पशु बीमा अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गरिनेछ । बाली तथा पशु संरक्षण कोषको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।

४८. वडा नं १७ मा **"कृषि उपज तथा प्रशोधन केन्द्र"** निर्माणको कामलाई प्राथमिकता साथ अगाडि बढाइनेछ । कार्यविधि अनुसार व्यवसायिक रुपमा पुष्प खेति गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

४९. **"कृषि हाटबजारको पूर्वाधार निर्माण कार्यक्रम"** लाई निरन्तरता दिइने छ । मणिग्राम हाटबजारलाई गोरकट्टामा स्थानान्तरण गरी आधुनिक ढाँचाको हाट बजार निर्माणका शुभारम्भ गरिनेछ । हाट बजारको पूर्वाधार निर्माणका लागि कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालयसँग सहकार्य गरिनेछ ।

५०. प्रस्तावित तिलोत्तमा एकीकृत कृषि पूर्वाधार योजना कार्यान्वयनको लागि संघीय सरकार तथा निजी क्षेत्रलाई विशेष जोड दिइने छ । ५ नं प्रदेश सरकारको **"स्मार्ट कृषि गाउँ कार्यक्रम"** सँग साझेदारी गरी थप वडाहरुमा विस्तार गरिनेछ । व्यवसायिक कृषि फर्महरु खोल्नका लागि निजी क्षेत्र र सहकारी क्षेत्रलाई आव्हान गरिनेछ । प्राकृतिक विपत्तीबाट कृषि उपज

तथा पशुपालन व्यवसायमा हुने हानी नोक्सानीको क्षतिपूर्ति प्रदान गर्ने "**बाली संरक्षण कोष**" लाई थप मजबुत बनाइनेछ ।

५१. कृषियोग्य जमिनको खण्डिकरण रोक्नको लागि भू-उपयोग नीतिलाई अन्तिम रुप प्रदान गरी खेती योग्य जमीनको संरक्षण गरिनेछ । प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा कृषकहरुको प्रविधि माथिको पहुँचलाई विस्तार गरिनेछ ।

५२. कृषि उपजमा प्रयोग गरिने रासायनिक मल, जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ । स्थानीय कृषकहरुसँग जोडिएका रैथाने बिउबिजन, ज्ञान, सीप र प्रविधिलाई संरक्षण गरिनेछ ।

५३. **तिलोत्तमा नगरपालिका वाड नं-१३ मा पशुबधशाला तथा मासु प्रशोधन केन्द्रको विस्तृत** परियोजना प्रस्ताव तयार गरी निजी क्षेत्रलाई आकर्षित गरिने छ ।

५४. पशु बीमा अनुदान कार्यक्रमलाई निरन्तरता दिई आगामी आ.व.बाट बीमामा लाग्ने ५० प्रतिशत रकम अनुदान दिइने छ । सामुदायिक वन, नदी उकास क्षेत्र, सार्वजनिक खाली जमीनमा घाँस उत्पादन गर्नको लागि प्रोत्साहन गरिनेछ ।

५५. पशुपन्छी दानामा प्रयोग हुने मकै स्थानीय तवरले उपलब्ध हुने सुनिश्चित गरिनेछ । पशुजन्य उत्पादन स्वस्थ्य र गुणस्तरीय बनाउनको लागि जनचेतनात्मक कार्यक्रम संचालन गरिनेछ

५६. भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्प्रेरित गरिनेछ ।

५७. गाई र भैसीमा खोरेत र भ्यागुते, बाख्रामा पि.पि.आर, कुखुरामा रानीखेत र गम्बोरो तथा बंगुरमा स्वाइन फिवर विरुद्धको खोप कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । पशु सेवा शाखा जानकीनगर भवनलाई मर्मत सम्भार गरिनेछ । तिलोत्तमा नगरपालिका मक्रहर लगायतका आवश्यक स्थानमा पशु सेवा शाखा स्थापना गरी प्राविधिक कर्मचारी सेवा करारमा व्यवस्था गरिनेछ ।

सहकारी :

५८. निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट सहकारी प्रवर्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पूँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

५९. सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ । सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी थ्रीपी मोडलमा उत्पादनमूलक उद्योग व्यवसाय संचालन गर्ने कार्य अघि बढाइनेछ । नगरभित्रका सहकारीसँग सम्बन्धित अभिलेख अद्यावधिक गरिनेछ । साना किसानहरु र कम आयस्तर रहेका नगारिकहरु आवद्ध रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइनेछ । साना किसान र बचत तथा ऋण सहकारी मार्फत् "**वित्तीय साक्षरता कार्यक्रम**" संचालन गरिनेछ ।

६०. सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरीव समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामूहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्ने क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ/संस्था, प्रतिष्ठानहरूसँग सहकार्य गरी आवश्यक पर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिने छ ।

६१. सरकार, निजी क्षेत्र र सहकारी बीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

६२. आम नागरिकहरूलाइ सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सहकारी संस्था, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरूलाई परिचालन गरिनेछ । विभिन्न सहकारी संघ संस्थाहरूबीच आपसी समन्वय र सहकार्य पद्दतीको विकास गर्न नगरस्तरीय सहकारी सञ्जाल गठन प्रक्रिया अगाडि बढाइनेछ । महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय करमा ५० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

६३. सहकारी प्रणालीलाई उद्यमशीलता विकास, कृषिको आधुनिकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्यक्रम संचालन गरिनेछ ।

६४. दुग्ध उत्पादक कृषि सहकारी संस्थाहरूलाइ दुग्धजन्य पदार्थको उत्पादन, विक्रि वितरण कार्यको लागि अनुदान उपलब्ध गराइनेछ ।

**सिँचाई :**

६५. तिलोत्तमाको सिंचाई प्रणालीको धरोहरको रुपमा रहेका १६/३६ मौजा सामुदायिक सिंचाई प्रणालीको सुदृढिकरणका लागि सरोकारवालाहरुसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६६. नगर भित्रका ठूला घोला तथा कुलाहरुमा सघन सरसफाई कार्यक्रम संचालन गरी सिंचाई प्रणालीलाई चुस्त दुरुस्त रुपमा राखिनेछ । भैरहवा -लुम्बिनी भूमिगत जलपरियोजना (भैलुभुज) लगायतका सिंचाई प्रणाली र बोरिङ्गहरुलाई पूर्वअवस्थामा संचालनमा ल्याउन प्रोत्साहित गर्दै भैलुभुज लगायतका कृषि सिंचाई प्रणालीमा कृषि सिंचाइ कार्यविधि अनुसार लाग्ने विद्युत् महसुलमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

**उद्योग तथा रोजगारी :**

६७. आर्थिक वर्ष ०७६/०७७ लाई लगानी वर्षको रुपमा यो सभा मार्फत घोषणाको प्रस्ताव सहित आगामी असोज ९ र १० गते "**तिलोत्तमा लगानी सम्मेलन**" आयोजना गरिनेछ । उक्त सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरुको सहभागिता मार्फत तिलोत्तमा नगरमा रहेका लगानीका सम्भावनाहरु पहिल्याइनेछ र केही तोकिए बमोजिमका आयोजनाहरुको सम्झौताहरु गरिनेछ ।

६८. लगानी सम्मेलनमा लगानीको घोषणा गर्ने उद्योग, होटल, व्यवसाय तथा रिसोर्टलाई स्थापनाको ५ वर्षसम्म नक्सा पास दस्तुर, सम्पत्ति कर र व्यवसाय करमा शत प्रतिशत छुट दिइनेछ । लगानी सम्मेलन सम्बन्धी कानूनी सुधार, लगानीको वातावरण, विद्युत, आवश्यक पूर्वाधार लगायतका विषयहरु समेटेर एकमुष्ठ प्याकेज घोषणा गरिनेछ ।

६९. विकासको मेरुदण्डको रुपमा रहेको उद्योग व्यवसाय तथा कलकारखानाका लागि हाम्रो नगरपालिका पूर्वाधार, यातायात, सञ्चार, अन्तर्राष्ट्रिय सीमा, विमानस्थल, औद्योगिक कोरिडोर, प्रदेश राजधानी, पर्याप्त जमिनलगायतका हरेक दृष्टिकोण उपयुक्त रहेको हुँदा पर्याप्त औद्योगिक वातावरण प्रदान गर्नको लागि नगरपालिका दृढ संकल्पित छ ।

७०. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागि एकीकृत नीति तर्जुमा गरी उद्योगहरुलाई व्यवस्थित गरिनेछ ।

७१. वडा नं. १० को रोहिणी नदीको पुलभन्दा उत्तर तर्फमा रहेको **"तिलोत्तमा उद्योग ग्राम"** को पूर्वाधार निर्माण सुरुवात गर्दै नमूनाको लागि केहि उद्योगहरुलाई संचालन ल्याईनेछ ।

७२. उद्योगी, व्यवसायीलाइ व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गरि नगरपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरित गरिनेछ ।

७३. उद्योग संचालकले वातावरण प्रदुषण कम गर्ने खालका प्लान्ट जडान गरि वातावरण प्रदुषण कम गरेमा र आफ्नो उत्पादन प्लाष्टिकमा प्याक नगरि कपडा वा कागज जस्ता वस्तुमा प्याक गरी सप्लाइ गरेमा त्यस्ता उद्योगलाइ नगरपालिकाले लिने व्यवसाय करमा आ.व. ०७६/०७७ मा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइनेछ ।

७४. तोकिएको मापदण्ड पुरा नगरेका, दर्ता नभइ संचालनमा रहेका, सघनवस्तिको नजिक रहेका तथा अत्याधिक प्रदुषण गरी वातावरण विगारेका उद्योगलाई उद्योग ग्राममा नै स्थानान्तरण हुने वातावरण मिलाइनेछ ।

७५. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** लाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागि आवश्यक सहयोग पुर्याईनेछ । वडा नं २ र १५ वडा कार्यालयलाई **"तिलोत्तमा नगर तालिम केन्द्र"** को रुपमा विकास गरी नगरपालिकाबाट प्रदान गरिने तालिमहरुलाई सीपयुक्त र स्वरोजगारमूलक बनाउने गरी आगामी वर्ष थप ५०० जना युवा/युवातीलाई

स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ । तिलोत्तमा नगरपालिकालाई Business Hub को रुपमा विकास गरिनेछ ।

७६. नगरपालिका प्रशासनिक भवन परिसरमा "**कोसेली घर**" स्थापना गरिनेछ

**उपभोक्ता हित संरक्षण क्षेत्र :**

७७. उपभोक्ताको अधिकार संरक्षणको लागि उपभोक्ता सचेतना अभिवृद्धि, स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण, वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर मापन, शुद्धता, नियमित रूपमा बजार अनुगमन कार्यमा वडा कार्यालयलाई समेत परिचालन गरी प्रभावकारी बनाइनेछ । व्यवसायिक आचारसंहिता र इथिक्स विपरित हुने गरि खाद्य वस्तु, किराना, कपडा, पुस्तक र हरियो तरकारी बेच्ने पसलबाट मदिरा, सुर्तिजन्य पदार्थ, विषादी, किटनासक औषधी जस्ता वस्तु/सामान एउटै पसलबाट बेचविखन गर्न नपाउने व्यवस्थालाइ कार्यान्वयनमा ल्याईनेछ ।

**पर्यटन क्षेत्र :**

७८. शंकरनगर वनवाटिका, बाउन्नकोटी वनवाटिका, मोक्षधाम, रोहिणी जलाशययुक्त आयोजना, सेमरी होमस्टे, कुमारवर्ती मन्दिर, श्रृगेश्वरधाम, वाँसघारी मन्दिर, नरमदेश्वर, विन्धवासिनी, कुञ्जपार्क, डिङ्गरकुवा, नयाँमिल दुर्गा मन्दिर लगायतलाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

७९. भगवान बुद्धको जन्मस्थान लुम्बिनी सँगसँगै गौतमबुद्धसँग जोडिएका अन्य स्थानहरुसँग नगरको सामिप्यता बढाउन र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सिक्सलेन खण्डको बाँकी स्थान र बुद्ध सर्किटको तिलोत्तमा खण्डमा आकर्षक बुद्धमूर्तिहरु राखिनेछ ।

८०. सिद्धार्थ राजमार्ग अन्तर्गत तिलोत्तमा नगरपालिकाको उत्तर दक्षिण प्रवेशद्धारका २ स्थानहरु (जोगिकुटी र कोटिहवामा) बुद्ध मूर्ति सहितको आकर्षक **"प्रवेशद्वार"** निर्माण मार्फत पर्यटकहरुलाई नगरको फरकपन अनुभूति गराइनेछ । नगरको गौरवको रुपमा रहेको **"तिलोत्तमा भ्यूटावर"** को निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा नै पूरा गरिनेछ ।

८१. वडा नं. १४ को नन्दभाउजु ताल, वडा नं ८ मा रहेको विन्दवासिनी ताललाई संरक्षण र स्तरोउन्नती गरिनेछ । नगरभित्र रहेका अन्य पर्यटकीय तथा वनभोज स्थलहरुको स्तरोउन्नतीको लागि आवश्यक व्यवस्था मिलाइनेछ । वार्ड नं ८ को करहिया सामुदायिक वनमा रहेको **"बोटानिकल गार्डेन"** लाई थप व्यवस्थित बनाउँदै शहरभित्रका महत्वपूर्ण पार्कहरुलाई स्तररोन्नती गरी आकर्षणको केन्द्र बनाईनेछ । सुखौला खोला क्षेत्रलाई उत्खनन र संरक्षण गरी बेगम हजरत महल स्मारक स्थलको रुपमा विकास गरिनेछ ।

८२. शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रलाई पर्यटन केन्द्रको रुपमा विकास गर्नको लागि गुरुयोजना निर्माण गरी सोही अनुसार कार्यसंचालन गरिनेछ। उक्त स्थानमा रहेको प्राणी उद्यानलाई प्रादेशिक प्राणी उद्यानको रुपमा विकास गर्नका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

८३. नगर भित्रका बनबाटिका, बाउन्नकोटी वनवाटिका लगायतका स्थानहरुमा **"पर्यटन सूचना केन्द्र"** स्थापना गरिनेछ ।

८४. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गर्ने होटल व्यवसायले नेपालीलाई मात्र रोजगारी दिई कम्तीमा एक हजार पर्यटक (आन्तरिक पर्यटक समेत) बसाउनेलाई आ.व. २०७६/०७७ मा व्यवसाय करमा २५% छुट दिई पर्यटन प्रवर्धनको क्षेत्रमा योगदान गर्ने पुर्याउने निकायलाई प्रोत्साहित गरिनेछ ।

८५. नगर भित्र भर्खरै खुलेका र खुल्ने होटलहरुका लागि चाहिने कुक वेटर, टुरिष्ट गाईड लगायत आवश्यक जनशक्तिको पहिचान गरी कम्तिमा ५० जना **"टुरिष्ट गाईड"** उत्पादन गरिनेछ ।

८६. धार्मिक, सांस्कृतिक एवं लोक परम्परा र स्थलहरूको पहिचान, संरक्षण र विकासमा जनसहभागिता परिचालन गरिनेछ । नगर क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरू र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्वर्धन गर्ने कार्यमा स्थानीय टोल विकास संस्था, आमा समूह, क्लव, संघ-संस्थाहरू लगायत स्थानीय समुदायलाइ प्रोत्साहन गरिनेछ ।

८७. अर्गानिक खाद्यान्न, तरकारी, दूध, माछा, मकै, गहुँ उत्पादन एवं माछापालनका सफल फर्म र गाउँ/टोलहरुलाई होमस्टेसँग जोडि "**कृषि पर्यटन**" को विकास गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । थारु, मगर र गुरुङ्ग लगायतका विभिन्न संस्कृतिलाई प्रवर्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरुमा होमस्टे संचालनमा सहयोग गरिनेछ ।

८८. आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनका लागि पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण तथा व्यवस्थापनमा सरोकारवाला संघ संस्था, गैसस, निजी लगानीकर्ताहरूसँग सहकार्य गरिनेछ ।

८९. पर्यटन प्रवर्दनका क्रियाकलापमा टोल विकास संस्था, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, विभिन्न संघ संस्था, क्लव तथा स्थानीय जनताको प्रत्यक्ष संलग्नता बढाइनेछ ।

९०. नगरका निश्चित स्थानहरुलाई "**खुला क्षेत्र घोषणा र खुला-पार्कहरु**" निर्माणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

**साहित्य, कला र संस्कृति :**

९१. नगरस्तरीय भाषा, कला संस्कृति सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई व्यवस्थित गर्न तिलोत्तमा भाषा, कला संगित प्रतिष्ठान लगायतका संस्थाको समन्वयमा प्रवर्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ । नगरपालिकाको आफ्नै "**नगर गीत तथा लोगो निर्माण**" गरिनेछ ।

९२. मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्धानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवर्धन गरिनेछ ।

९३. समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

९४. नगर भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरुलाई निरन्तरता दिइनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्धन गरिनेछ ।

९५. संस्थागत लागत साझेदारीमा उपयुक्त स्थानमा तिलोत्तमा नाट्यशाला निर्माण गर्ने कार्य सुरुवात गरिनेछ। तिलोत्तमाको गौरवको रुपमा रहेको मोक्षधामको एकीकृत गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ । नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण र प्रवर्धनका लागि आवश्यक रणनीति तय गरिने छ ।

९६. नगर भित्रका आदिबासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तयार गरिनेछ ।

९७. थारु, मगर, गुरुङ्ग लगायत विभिन्न जातजातीहरुका मौलिकता संरक्षण गर्न "**सांस्कृतिक संग्रहालय निर्माण**" को लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

९८. नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (International Society for Krishna Consciousnsess of Nepal ISKCON) सँगको लागत साझेदारीमा गौशाला व्यवस्थापन र जीवनका लागि खाद्यान्न कार्यक्रम संचालन गरिनेछ ।

**भवन, तथा शहरी विकास तथा पूर्वाधार :**

९९. नगरको योजनाबद्ध विकास मार्फत स्वच्छ, सुरक्षित र समृद्ध र पहिचानयुक्त नगरको रुपमा विकास गरी नगरबासीहरुको माग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवनस्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकायहरुको समन्वयमा "**शहरी सेवा प्रवर्धन**" का कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१००. भू-उपयोग नीति २०७२ एवं राष्ट्रिय भू-उपयोग आयोजनाबाट तयार पारिएको योजनालाई कार्यान्वयन गर्नको लागि आवश्यक पूर्वाधारहरुको निर्माण गरी कार्य संचालनमा ल्याइनेछ ।

१०१. हालसम्मका अनुभव र सिकाईका आधारमा भवन निर्माण मापदण्ड २०७४ मा आवश्यक संशोधन गरी कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

१०२. सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ । किफायती आवासका नमूना नक्साहरु तयार पारी नगरबासीलाई उपलब्ध गराइनेछ । सार्वजनिक निजी साझेदारी नीतिको अवधारणा अनुसार "**एकीकृत आवास निर्माण**" को लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०३. नगरपालिका भित्रका खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता घरहरुलाई जस्तापातामा लाग्ने रकमको शत प्रतिशत अनुदान दिईने छ

१०४. नगर भित्रका भूमिहीन र सुकुम्बासीहरुलाई सुरक्षित बसोबासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१०५. तिलोत्तमा रिङ्ग रोडको निर्माण तथा स्तरोउन्नतीको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । नगरपालिकाको वडा नं. १३ मा अटो व्यवसायीहरुसँगको लागत साझेदारीमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार **"अटो भिलेज"** निर्माण कार्य सुरु गरिनेछ ।

१०६. नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिईनेछ। स्थानीय बासिन्दासँगको सहकार्यमा सिक्सलेन सडकमा विद्युतबाट सडक वत्ती बालिनेछ ।

१०७. तिलोत्तमा अतिथि गृह तथा सभाहलको निर्माण कार्य पुरा गरी उक्त गृहहरुलाई यसै आर्थिक वर्षबाट व्यवस्थापन करार वा उपयुक्त प्रकृया पुरा गरी संचालनमा ल्याईनेछ ।

१०८. निर्माणाधीन ६ वटा वडा कार्यालयको निर्माण पूरा गरी आफ्नै भवनमा कार्यालयहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ । "**तिलोत्तमा भ्यू-टावर**" को निर्माण कार्यलाई द्रुतगतिमा अगाडि बढाई सम्पन्न गरिने छ । साथै उक्त टावरको संचालन व्यवस्थापनको कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

१०९. शंकरपुर कुञ्जलापुर प्रशासनिक भवनसम्म जाने सडकको निर्माण कार्य पुरा गरी संचालनमा ल्याईने छ । १६/३६ सिचाई प्रणाली नहरको दुवै किनारमा तथा भैलुभुज नहरमा सडक निर्माण गर्ने कार्यको लागि आवश्यक सहयोग पुर्याइनेछ । नयाँ सडक पक्की गर्ने कार्यलाई भन्दा पुराना जिर्ण अवस्थामा रहेका पक्की सडकको मर्मत सम्भारलाई प्राथमिकता दिईने छ ।

११०. विश्व बैङ्कको सहयोगमा शहरी विकास विभाग मार्फत संचालन हुने सडक पूर्वाधार योजनाहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

१११. संघीय तथा प्रदेश सरकार द्वारा निर्माणाधिन सडक/ नाली, जलासय, पुल, कृषि पूर्वाधार, खेल मैदान पर्यटन सम्बन्धी लगायतका योजनाहरुलाई निरन्तरता दिनको लागि पहल गरिने छ । संघीय तथा प्रदेश सरकार सँग ठुला नयाँ योजनाको लागि आग्रह गरिने छ । टिकुलीगढमा स्थापना गरिने प्रादेशिक बसपार्क निर्माण कार्य सुरु गरिनेछ । तिलोत्तमा अटोमोवाइल जोनको DPR तयार गरिनेछ ।

११२. १० लाख भन्दा माथिका सम्पूर्ण निर्माणजन्य कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का प्रक्रियाबाट सम्पादन गर्ने व्यवस्था मिलाईने छ । सामान्यतया १० लाख भन्दा तलका योजनाहरु मात्र उपभोक्ता समितिबाट सम्पादन गरिनेछ । निर्माण कार्यको गुणस्तर कायम गर्न आवश्यक अनुगमन, मुल्यांकन प्रणालीलाई मजबुद बनाईनेछ । निर्माण कार्यको गुणस्तर परीक्षण गर्न आफ्नै ल्याव स्थापना गरिनेछ ।

**सार्वजनिक नीजि साझेदारी :**

११३. सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार शीतभण्डार, पर्यटन, फोहोरमैला व्यवस्थापन, उद्यम विकास, भौतिक संरचना निर्माणका आयोजना संचालन गरिनेछ । नगरपालिका र जनसहभागिता वास सहकारी संस्थाको लागत साझेदारीमा उन्नत स्तरको प्रशोधन केन्द्र स्थापना गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने कार्यको शुभारम्भ गरिनेछ । वार्ड नं ६ को साविकमा फोहोर मैला विसर्जन गरिआएको स्थानमा वैकल्पिक उर्जा केन्द्रको सहयोगमा विस्तृत परियोजना प्रस्ताव

(DPR) तयार पारी थ्री पी वा अन्य उपयुक्त मोडलको अवलम्वन गरी फोहोरमैलाको दीर्घकालिन व्यवस्थापन गरिनेछ । सार्वजनिक नीजि साझेदारीका थप क्षेत्रहरुको पहिचान गरी लगानीको सम्भावना पहिल्याइनेछ ।

**सूचना तथा संचार :**

११४. नगर भित्रका सामुदायिक रेडियोहरुको साथै सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ ।

११५. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग मेयर, कृषि कार्यक्रम, साप्ताहिक रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११६. सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।

११७. संचार क्षेत्रको संस्थागत विकासका लागि **"तिलोत्तमा मिडिया हाउस"** स्थापनाको लागि आवश्यक गृहकार्य गरिनेछ । पत्रकार महासंघ रुपन्देहीको क्षमता अभिवृद्धको लागि आवश्यक सहयोग गरिनेछ । नगरपालिका कार्यालयभित्र सूचनाकेन्द्र स्थापना गरिनेछ ।

११८. नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडिया हाउसहरुलाई पुरस्कृत गर्नको लागि **"उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षय कोष"** स्थापना गरी वार्षिक रुपमा पुरस्कृत गरिनेछ । **"लेस पेपर"** को अवधारणा अवलम्वन गर्दै **"पेपर लेस"** कार्यालय घोषाणाका लागि पूर्वाधार खडा गरिनेछ ।

११९. मोवाइल एप्सकामाध्यमबाट नगरबासीहरुले सरल र सहज रुपमा सेवा प्राप्त गर्ने आफूसँग सम्बन्धित सूचनाहरुको उपयोग गर्न सक्ने, नगरको

सेवाको बारेमा जानकारी लिई आफ्ना गुनासा र समस्या समाधान गर्न सक्ने व्यवस्था गरिनेछ ।

**विपद् व्यवस्थापन :**

१२०. **"नगर प्रमुख विपद् व्यवस्थापन कोष"** मा थप रकम जम्मा गर्नको लागि सहयोगीहरुलाई आव्हान गरिनेछ भने उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिनेछ । विपद् पूर्वतयारी, विपत व्यवस्थापन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ । तिनाउ, रोहिणी र सुखौरा नदीको उत्खनन कार्यलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड, कार्यविधि, सघन समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापनमा आवश्यक रणनीति तय गरिनेछ । सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद् व्यवस्थापन सम्बन्धी विविध कार्यहरु संचालन गरिनेछ ।

**छाडा चौपाया र गौशाला व्यवस्थापन :**

१२१. तिलोत्तमा गौशालालाई बहुउपयोगी योजनाको रुपमा विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । गौमाता रक्षाका लागि क्रियाशील नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (International Society for Krishna Consciousnsess of Nepal ISKCON) लगायत अन्य धार्मिक संघ-संस्था र नगरबासीको सहयोग तथा लागत साझेदारीमा गौशाला व्यवस्थापनलाई थप आर्कषक बनाइनेछ ।

१२२. नगरपालिका क्षेत्रभित्र वेवारिसे रुपमा छाडिएका छाडा चौपायाको नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य गर्न विशेष अभियान संचालन गरी **"चौपाया घटना दर्ता"** अभियानलाई प्रभावकारी बनाइनेछ ।

**वन तथा वातावरण संरक्षण :**

१२३. आगामी आर्थिक २०७६/७७ लाई **"वृक्षारोपण वर्ष घोषणा"** गरी वडा कार्यालयको सिफारिसका आधारमा फलफूलका विरुवाहरुको माग एकिन गरी ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा उपलब्ध गराईने छ । चालु आर्थिक वर्षको सुरुवातमै विगत वर्षबाट सुरु गरिएको **"बृक्षारोपण**

**सप्ताहा"** संचालन गरी थप ५०,०००।- फलफुल तथा वनस्पतिजन्य रुख विरुवाहरु लगाईने छ।

१२४. नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा **"वातावरण मैत्री स्थानीय शासन"** कार्यक्रमका सूचकहरु कार्यान्वयन गर्दै लगिनेछ । वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका **"खुला क्षेत्र"** लाई मनोरञ्जनात्मक स्थलको रुपमा विकास गरिनेछ । स्थानीय नागरिकको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरु निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रलाई प्रवर्धन गरिनेछ ।

१२५. नगरपालिका भित्रको पर्ति, बाँझो, नदी उकास, कूलो, घोला र नदी किनारामा रहेको सार्वजनिक खाली जग्गा, सडक किनार लगायतका जमिनमा **"वृक्षारोपण तथा वन विस्तार कार्यक्रम"** संचालन गरिनेछ । सामुदायिक वनसँगको सहकार्यमा **"नर्सरीको स्थापना, र स्तरोउन्नती"** कार्यक्रम संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ । सार्वजनिक जग्गा, सामुदायिक र सरकारी वनमा उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउने गरी वृक्षारोपण तथा सामूहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ ।

१२६. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । विपद् जोखिम क्षेत्रको नक्सांकन, सरकारी कूलोहरुको संरक्षण र व्यवस्थापन, इँट्टा भट्टा, क्रसर उद्योग आदिबाट निस्कने प्रदुषण नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

१२७. वातावरणीय सन्तुलन बिग्रन नदिन सामुदायिक वनलाई संरक्षण गर्नका साथै वन्यजन्तु र छाडा चौपायाबाट कृषकको खेती सुरक्षित गर्न नगरपालिका भित्रका सामुदायिक वन व्यवस्थापन र तारबारमा सहयोग गरिनेछ ।

**नगर सरसफाई र हरियाली प्रवर्धन :**

१२८. **"ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा"** भन्ने नाराका साथ सुरुवात गरिएको **"नगर सरसफाई र हरियाली प्रवर्धन कार्यक्रम"** लाई निरन्तरता दिँदै टोल विकास संस्था मार्फत बस्तीस्तरसम्म दीगो रुपमा संचालन गरिनेछ ।

१२९. गैरसरकारी संस्था, विद्यालय, कलेज, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई **"शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा"** अनिवार्य सहभागी हुने व्यवस्था मिलाइनेछ ।

१३०. बस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी वृक्षारोपण कार्यक्रमलाई समेत लागत स्टिमेटमा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकास गरिनेछ ।

१३१. नगरको फूल **(सिटी फ्लावर)** को रुपमा घोषणा गरिएको वेगनबेलीलाई मुख्य तथा सहायक राजमार्ग, सार्वजनिक स्थल, स्कूल, कलेज, संघ संस्था लगायत हरेक नागरिकले आ-आफ्नो घरमा लगाउने कार्यलाई अभियानात्मक रुपमा संचालन गरिनेछ ।

१३२. **"३६५ दिने सरसफाई अभियान"** लाई निरन्तरता दिन उत्प्रेरित गरिनेछ । सफा शहरका सूचकहरुमा आधारित रही सरसफाईका क्रियाकलापहरु अगाडि बढाइनेछ । तिनाउ नदी र रोहणी नदी किनारालाई **"ग्रीन वेल्ड कोरिडोर"** को रुपमा विकास गरिनेछ ।

१३३. नगर सरसफाई र हरियाली प्रवर्धनको महाअभियानलाई टेवा पुर्याउन **"जन्म दिनमा वृक्षारोपण"** गर्ने कार्यक्रमलाई निरन्तरता दिई थप प्रवर्धन गरिनेछ । नहर, घोला, कुलो, खोला लगायतका स्थान आसपासका क्षेत्रको जग्गा संरक्षण गरी सडक हरियाली प्रवर्धन, विश्रामस्थल तथा बगैचा निर्माण कार्यलाई टोल विकास संस्था मार्फत् अगाडि बढाइनेछ।

**टोल विकास संस्था :**

१३४. फोहोरमैला व्यवस्थापन, राजस्व परिचालन, नगरका अभियानात्मक कार्यक्रम संचालन लगायतका कार्यको अतिरिक्त टोल विकास संस्थाहरु संलग्न हुने क्षेत्रहरुको पहिचान गरी परिचालन गरिनेछ । टोल विकास संस्थाको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३५. टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरुसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासमा गतिशीलता ल्याउनको लागि टोल विकास संस्थाको लागत साझेदारीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । प्रत्येक टोल विकास संस्थाको सहकार्यमा टोल टोलमा फोहर व्यवस्था गरिनेछ ।

१३६. सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम संचालन गर्ने सरकारी एवं गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । "**सामाजिक परिचालन कोष**" लाई सवलीकृत गरी मजबुत र व्यवस्थित गरिनेछ ।

१३७. नगरभित्र रहेका आमा समूह, युवा क्लव, किशोरी समूह लगायत समूह संजाल प्रोफाइल तयार पारि नगरको विकासमा एकीकृत रुपमा परिचालन गरिनेछ ।

१३८. टोल विकास संस्था, आमा समूह विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरुसँग सामाजिक रुपान्तरणका क्रियाकलाप संचालनमा समन्वय, सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

**भू-उपयोग र सार्वजनिक जग्गा संरक्षण :**

१३९. नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ र अतिक्रमणलाई निरुत्साहित गरिनेछ ।

१४०. अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अतिक्रमित जग्गाको पहिचान गरी पुनः सार्वजनिकीकरण गरिनेछ ।

१४१. "**भू-उपयोग मापदण्ड २०७६**" लाई प्रभावकारी कार्यान्वय सहित घर-जग्गाको विक्री वितरणलाई वैज्ञानिक रुपमा व्यवस्थापन गरिनेछ । वडा नं.-१६ मा सुरु गरिएको "**जग्गा विकास आयोजना**" लाई पूर्णता दिइनेछ

१४२. वडा नं १५ बाट सुरु भएको "**जग्गा पुनःनापीको कार्यक्रम**" लाई निरन्तरता दिँदै क्रमशः अन्य वडाहरुमा समेत कार्यक्रम संचालन

गरिनेछ । उक्त कार्यक्रमका लागि  प्रदेस र संघीय सरकारसँग सघन सहकार्य गरिनेछ ।

१४३. भूमीहिन किसानहरुलाई खेती गर्नका लागि बाँझो जग्गा करारमा उपलब्ध गराउन सहयोग पुर्याइनेछ । अव्यवस्थित बसोबासी, भूमिहिन किसान र सुकुम्वासी नागरीकहरुलाई सम्बोधन गर्नको लागि संघीय सरकारसँग समन्वय गरी आवश्यक गृहकार्य अगाडि बढाइनेछ ।

**महिला, बालबालिका तथा सामाजिक न्याय**

१४४. महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गरिनेछ । सञ्चार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ ।किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ ।

१४५. एकल महिलाको नाममा संचालित व्यवसाय र एकीकृत सम्पत्ती करमा १५ प्रतिशत छुट उपलब्ध गराइनेछ । लैङ्गिक हिंसा न्यूनिकरण र दाइजो प्रचलन न्यूनिकरण उन्मुख कार्यक्रमहरु संचालन गरिनेछ । महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्धन गर्नको साथै महिला उद्यमशीलता प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४६. जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. महिला हिंसा न्यूनिकरण एवं ससक्तिकरणका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक अल्पसंख्यकहरुको विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी लैङ्गिकमैत्री नगरपालिका घोषणा कार्ययोजना अनुसार कार्यक्रम संचालन गरिनेछ । महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्धन गर्नको साथै महिला उद्यमशीलता प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४८. मधेसी मूलका नागरिक, पिछडा वर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय, दलित, आदिवासी जनजाती, तेस्रोलिङ्गि लगायत विकासको मूलप्रवाहमा आउन नसकेका वर्ग/समुदाय र क्षेत्रलाई नगरको विकासको मूल प्रवाहमा ल्याईनेछ ।

बालबालिका

१४९. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ संचालन गरिनेछ । सार्वजनिक जग्गाको व्यवस्थापन गरी यसै आर्थिक वर्षदेखि केही वडामा बाल उद्यान निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१५०. बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

जेष्ठ नागरिक :

१५१. नगर भित्रका जेष्ठ नागरिकहरुको संरक्षण, नियमित र निशुल्क स्वास्थ्य परीक्षण र उपचारको प्रवन्ध, स्वास्थ्य शिविर, सम्मान कार्यक्रम र अन्य प्रवर्धानात्मक कार्यक्रमलाई नगर सरकार र टोल विकास संस्थाहरु मार्फत निरन्तरता दिइनेछ ।पूर्विय दर्शन अनुसार आमा-बाबु लगायत जेष्ठ सदस्यहरुको हेरचाह तथा पालनपोषण गर्ने परिवारका सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ । प्रत्येक वडा/टोलमा **"जेष्ठ नागरिक क्लव"** गठन गरी उहाँहरुको जीवनशैलीलाई सजिलो बनाउन पहल गरिनेछ ।संघीय र प्रदेश सरकार, सामाजिक संघ-संस्थाहरुसँगको सहकार्यमा **"जेष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरण"** कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुसँग सम्बन्धित गैरसरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरुको नियमन गरिनेछ ।

अपाङ्गता :

१५२. सरकारी, सार्वजनिक तथा व्यवसायिक, औद्योगिक भवनहरु अपाङ्गतामैत्री मापदण्ड अनुसार निर्माण गर्ने नीतिगत व्यवस्था मिलाईने छ । अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा अपाङ्गताको

प्रकार हेरी सहुलियत तथा निशुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ । यस क्षेत्रमा क्रियाशील संस्थाहरुसँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई उपयोगी हुने सहायता सामग्री वितरणको व्यवस्था मिलाइनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सूचना तथा जनाकारी उपलब्ध गराउन "**अपाङ्गता सहायता केन्द्र स्थापना**" गरिनेछ ।अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा लाग्ने करमा शतप्रतिशत छुट दिइने नीति अवलम्वन गरिनेछ । अपाङ्गतामैत्री नगर घोषणाका लागि आवश्यक गृहकार्य गरिनेछ ।

**सामुदायिक तथा गैरसरकारी संस्था :**

१५३. नगरपालिका भित्र क्रियाशील गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन मूल्याङ्कन र सहजिकरणलाई निरन्तरता दिइनेछ । गैरसरकारी संस्थाद्धारा नगर क्षेत्र भित्र संचालन गर्ने सबै कार्यक्रम नगरपालिकाको वार्षिक योजनामा समावेश गर्ने र नगरपालिकाले तोकेको स्थानमा कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

**गरिवी न्यूनीकरण**

१५४. 'एक **घर : एक बैंक र सहकारी खाता, एक महिलाः एक बैक र सहकारी खाता अभियान'** सञ्चालन गरी सरकारको आर्थिक र सामाजिक सहयोग सबै परिवारमा सिधै पुग्ने वातावरण मिलाइनेछ ।

**यातायात**

१५५. सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ । मुख्य राजमार्गमा ट्रिपरबाट हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सरोकारवालासँग छलफल गरी उपयुक्त रणनीति अपनाइनेछ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य-मुख्य बजार केन्द्रमा ट्राफिक संकेत चिन्हहरु निर्माण गरिनेछ । मासिक रुपमा ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यातायात कम्पनीहरुसँगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी सवारीसाधनमा नै डष्टबिन राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१५६. नगर भित्र रहेका विद्युतीय सवारी साधनहरुको संख्या, रुट, भाडा, क्षमता, पार्किङ्गस्थल लगायतका विषयहरुको नियमन र व्यवस्थापन गरिनेछ । सम्बन्धित व्यवसायिक संस्थाहरुसँगको सहकार्यमा नगरमा नयाँ रुट थप गरी सार्वजनिक यातायात संचालन गरिनेछ ।

१५७. नगर भित्रका मुटु तथा अन्य नसर्ने रोग सम्बन्धि स्वास्थ्य समस्या रहेका विरामीहरुको आवत-जावतलाई सहज तुल्याउन गौतमवुद्ध सामुदायिक संस्था (अस्पताल) बुटवलसँग सहकार्य गरिने छ।

१५८. मेगा सिटीको अवधारणा अनुसार बन्ने **"महानगरपालिका"** र **"मेगा सिटी"** को लागि आवश्यक **"प्रादेशिक बसपार्क"** निर्माणको प्रस्ताव गरिएकोछ । जसका लागि जग्गा प्राप्ति, तारबार विस्तृत परियोजना प्रस्ताव लगायतका आधारभूत कामहरु सम्पन्न गरिनेछ ।

१५९. छिमेकी नगरपालिकासँगको सहकार्यमा सार्वजनिक निजी साझेदारी ढाँचामा बुटवल बेलहियासम्म मास ट्रान्सपोटेशन क्षमताका विद्युतीय बस संचालन प्रक्रियामा सहयोग पुर्याइनेछ ।

**खानेपानी तथा सरसफाई**

१६०. खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका, २०६९ को प्रावधान अनुरुप खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले उपभोक्तालाई दिँदै आएको खानेपानी तथा सरसफाई सेवा सुविधाको नियमन गरिनेछ । नेपाल सरकार, प्रदेश सरकार, उपभोक्ता समिति र स्थानीय नागरिकको सहभागिता र लागत साझेदारीमा खानेपानी तथा सरसफाईको सेवा क्षेत्र विस्तार र सेवास्तर वृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुका साथै प्रशोधन केन्द्र सहितको ढल निकास योजनाको कार्य आगाडि बढाइनेछ । आर्थिक वर्ष २०७६/७७ लाई **"सरसफाई वर्ष"** घोषणा गरी अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ र **"सफा नगर"** घोषणाका सूचकहरुका आधारमा सरसफाई कार्यक्रमलाई अगाडि बढाईनेछ ।

१६१. खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुसँगको साझेदारीमा जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत सरसफाईलाई दिगो बनाउन तालीम तथा क्षमता विकासका कार्यक्रमलाई टोल विकास संस्था मार्फत वस्तीस्तरमा

पुर्याइनेछ । आर्थिक वर्ष २०७६/७७ लाई संघीय सरकारले घोषणा गरेको **"राष्ट्रिय सरसफाई अभियान वर्ष"** लाई टेवा पुर्याउन र नगरपालिकालाई पनि पूर्णसरसफाईयुक्त नगरपालिका घोषणा गर्नको लागि आवश्यक रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ । सरसफाईमा नमूनाको रुपमा प्रस्तुत हुने टोल विकासका संस्थाहरुलाई पुरस्कृत गरिनेछ ।

१६२. **"एक घर - एक धारा"** कार्यक्रमलाई खानेपानी संस्था, प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा अगाडि बढाई खानेपानी योजना सुरु नभएका १३, १४, १७ नं वडाहरुमा सह-लगानीमा खानेपानीका योजनाहरु संचालन गर्न कार्यक्रमलाई निरन्तरता दिँदै संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । साथै अन्य वडाहरुमा क्षेत्र विस्तारका लागि समेत आवश्यक सहयोग र समन्वय गरिनेछ ।

१६३. खानेपानीको सेवा नपुगेका वार्ड/क्षेत्रहरुमा योजना संचालन गर्न आनन्दवन शंकरनगर खानेपानी, शंकरनगर खानेपानी, करहिया तथा करहिया-मक्रहर खानेपानी आयोजनाहरुलाई उत्प्रेरित र समन्वय गरिनेछ ।

**खेलकुद**

१६४. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरुको स्तरोउन्नती गरिनुका अतिरिक्त वडा नं १० को रोहिणी क्षेत्रमा राष्ट्रिय स्तरको खेलमैदानको पूर्वाधार निर्माणलाई निरन्तरता दिइनेछ । वडा नं ६ मा प्रस्तावित "**तिलोत्तमा बहुआयामिक खेलकूद मैदान**" को पूर्वाधार विकासका लागि संघीय सरकारसँग समन्वय गरिनेछ । नगरभित्रका अन्य फुटबल मैदान, क्रिकेट ग्राउण्ड, भलिबल ग्राउण्ड, कवर्ड हल लगायतका संरचनाहरुको स्तरोउन्नती गरिनेछ।

१६५. निजी सामुदायिक र संघसंस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा नगरस्तरीय खेलकूद प्रतियोगिताको आयोजना गरिनेछ । खेलकूद विकास गुरुयोजना

तर्जुमा, "**खेलकुद विकास समिति**" गठन गरी कार्यान्वयनमा ल्याइनेछ । निजी सामुदायिक र संघसंस्थाहरुलाई अन्तर्राष्टिय स्तरका खेलकूद प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिनेछ ।

१६६. मेयरकप व्याडमिन्टन प्रतियोगितालाई निरन्तरता दिदै स्थानीय क्लवहरुको समन्वययमा मेयरकप फूटवल प्रतियोगिता आयोजना गरिनेछ ।नगरभित्रका क्लवहरुको क्षमता अभिवृद्धि, खेलकूद प्रवर्धन लगायतका क्रियाकलाप संचालन गर्न कार्यक्रम बजेटबाट सम्बोधन गरिनेछ ।

**युवा तथा युवा सम्मान कार्यक्रम**

१६७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पु¥याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ । युवाहरुको क्षमता प्रष्फुटनका लागि "**युवा परिचालन कार्यक्रम**" लाई निरन्तरता दिइनेछ । युवा केन्द्रित, लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसनी, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ । युवा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ ।

१६८. **नगर प्रमुख - दायित्व युवा उद्यमी परिचालन कोष** स्थापना गरी युवा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । युवा उद्यमी केन्द्र स्थापनाको लागि अध्ययन गरिनेछ । युवाहरुको साहस, सिर्जनशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गदै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ ।

१६९. युवाको आर्थिक, सामाजिक सशक्तिकरण गर्न उद्यमशीलता विकास एवं प्राविधिक तथा व्यवसायिक तालिम गराइनेछ । संघीय सरकारले प्रस्ताव गरेको "**युवा परिचालन वर्ष कार्यक्रम**" सँग तालमेल मिलाउँदै युवा जनशक्ति विकास र परिचालनको रणनीति अवलम्बन गरिनेछ ।

**स्वयंसेवक सेवा**

१७०. स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ ।

१७१. स्वयसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरी विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास हुने प्रणालीको शुरुवात गरि औपचारिक अध्ययनको अङ्गकै रुपमा स्वयंसेवालाई अवलम्बन गर्ने प्रणालीको विकास गरिनेछ ।

१७२. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यवहारिक बनाउन थप नीतिगत खाका तयार गरिनेछ । राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरुलाई स्वयंसेवकको रुपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिनेछ । प्राविधिक, व्यवसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुलाई समेत नगरको आवश्यकता अनुसार स्वःस्फूर्त परिचालित हुने व्यवस्था मिलाइनेछ । नगर प्रमुखको नेतृत्वमा स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७३. खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपद्, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरणलगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ । स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि अनुसार स्वयंसेवक दस्ता परिचालित गरिनेछ। हरेक स्वयंसेवक दस्ता मार्फत नैतिकता, नागरिक गुण एवं अनुशासनको विकास, मुलुक र नगरप्रति दायित्वबोध गराउने तथा श्रमको सम्मान गर्ने अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

**न्यायिक समिति**

१७४. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनअनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

१७५. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ । नयाँ कानून, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ । स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।

१७६. न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुँच वृद्धि गरिने छ ।हिँसा पीडित महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई प्रदेश र संघीय सरकारको सहकार्यमा निशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ ।

१७७. प्रत्येक वडामा मेलमिलापकर्ताको व्यवस्था गरी विवाद निरुपण र मेलमिलापका आधारभूत सिद्धान्तहरुको पालनामा जोड दिईनेछ ।विवाद निरुपणमा अविभेद, सहभागिता, जवाफदेहिता र ससक्तिकरण जस्ता पक्षलाई ध्यान दिइनेछ ।

**राजस्व प्रशासन**

१७८. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणाली अवलम्वन गरि करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ ।

१७९. आगामी आर्थिक वर्षमा निर्माण गरिएको राजस्व प्रशासन सुधार कार्ययोजना अनुसार आवश्यक बजेट व्यवस्था गरी राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ भने राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ ।

१८०. सबै वडा कार्यालयमा अप्टिकल फाईवर जडान गरी राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित छिटो, छरितो र करदातामैत्री बनाईनेछ ।

१८१. **"सम्पत्ति कर प्रणाली सुदृढीकरण कार्यक्रम"** संचालन गरी सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ । स्थानीय तहलाई प्राप्त घर बहाल करको हालको दरलाई पुनरावलोकन गरी सम्बन्धित वडा कार्यालयलाई स्रोत साधन सहित घर बहाल कर उठाने अधिकार प्रत्यायोजन गरिनेछ ।

१८२. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही हाटबजार, ढुङ्गा - गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेल लगायतका नदीजन्य पदार्थको व्यवस्थापन प्रचलित कानून अनुसार समयमै सम्पन्न गरिनेछ । सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई **"उत्कृष्ट करदाता"** को रुपमा पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिईएको छ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।

१८३. रु. एकलाख भन्दा बढीको खर्चको विवरण वेवसाइड साईट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ भने **"आन्तरिक लेखा परीक्षण"** लाई प्रभावकारी बनाइनेछ ।

१८४. वडा कार्यालयको राजस्व परिचालन क्षमता बढाउनको लागि सम्पत्ति तथा घर बहाल करबाट संकलित राजस्वको २० प्रतिशत रकम सम्बन्धित वडाको पूर्वाधार निर्माण कार्यक्रमका लागि **थप-अनुदान** स्वरुप उपलब्ध गराइनेछ ।

**सार्वजनिक सेवा प्रवाह, सुशासन क्षमता विकास**

१८५. नगरपालिकाको मुख्य प्रशासनिक भवन, अतिथि गृह र सभाहलको निर्माण कार्य सम्पन्न गरिनेछ । आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाहको व्यवस्था मिलाइने छ । नयाँ प्रशासनिक भवनको विस्तृत परियोजना प्रस्ताव तयार पारी प्रस्तावित महानगरको मुख्यालय रहेनगरी आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

१८६. प्रशासनिक केन्द्र परिसरमा आधुनिक बगैचा, विद्युतीय पुस्तकालय, एटिएम, बैंकको एक्टेन्सन काउन्टर लगायतका सुविधाहरु उपलब्ध गराई एकद्धार प्रणालीमार्फत सेवा पुर्याउने गरि कार्य प्रारम्भ गरिनेछ ।

१८७. नगरपालिकाको संगठन संरचना अध्ययन गरी नगर सरकारको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।

१८८. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ । सबै वडाहरुमा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई सेवा

प्रवाहलाई स्वचालित बनाइने छ । नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाइनेछ ।

१८९. आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने, अनियमितता र भ्रष्टाचारमा संलग्न हुने जोकोहीलाई कडा कारवाही गरिनेछ ।राम्रो काम गर्नेलाई पुरस्कृत हुने, काम नगर्ने एवं गैरकानूनी काम गर्ने दण्डित हुने विधिलाई कार्यान्वयनमा ल्याइनेछ । राष्ट्रसेवकहरुलाई प्रदान गरिने सेवा सुविधाको पुनरावलोकन गरिनेछ ।

१९०. नगरपालिका कार्यालयलाई **ISO Certificate** प्राप्त गर्नका लागि चुस्त व्यवस्थापकीय प्रणालीको अवलम्वन, आवश्यक भौतिक पूर्वाधार एवं जनशक्ति विकास उपयुक्त संगठन संरचना तयार पारी प्रमाणपत्र प्राप्तिको प्रक्रिया अगाडि बढाइनेछ ।

१९१. राष्ट्र सेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । राष्ट्रसेवकहरुमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ संचालन गरिनेछ । कर्मचारी, स्वास्थकर्मी, शिक्षक लगायत सबै पदाधिकारीबाट तोकिएकै समयमा काम सुरु गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१९२. नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी २ वर्षमा नगरपालिकालाई "**उत्कृष्टताको केन्द्र**" को रुपमा विकास गरिनेछ ।

१९३. नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि "**अफिस अटोमेशन प्रणाली**" लाई कार्यान्वयनमा ल्याइनेछ ।

१९४. सदाचार प्रवर्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानूनको दायरामा ल्याईनेछ ।

१९५. जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । नगर भित्र रहेका सुरक्षा निकायहरुको भौतिक पूर्वाधार, सवारी

साधनको उपलब्धता, दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ। स्थानीय सुरक्षा निकाय, सामुदायिक प्रहरी र सरोकारवालाहरुबीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

१९६. नगर प्रहरीको नियमनकारी भूमिलाई प्रभावकारी बनाइनेछ भने बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा रही कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।

१९७. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१९८. नगर सरकारको वेवपेजमा नै सबै वडा कार्यालयहरुलाई आवद्ध गरी वडाका सबै गतिविधिहरु सम्बन्धित वडाको वेवपेजमा राख्ने व्यवस्था मिलाइनेछ ।

१९९. नगरपालिकाको मुख्यालय तथा अन्तर्गतका कार्यालयमा राखिएका टि.भि तथा संचार माध्यमबाट कार्यालयबाट सेवा प्राप्त गर्दा अपनाउनुपर्ने प्रकृया, चाहिने आवश्यक कागतजात, योजना तर्जुमा, कार्यान्वयन तथा भुक्तानी प्रकृया, कर तिर्दा हुने फाईदा, घुम्ती शिविर लगायतका जानकारीमूलक सूचनाहरु प्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

२००. **"म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्नँ, म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु"** भन्ने प्रतिवद्धता पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ । विकास निर्माण, सेवा प्रवाह लगायत सबै क्षेत्रमा सदाचार पद्धति अवम्बन गरिनेछ ।

**योजना तर्जुमा, अनुगमन एवं तथ्याङ्क प्रणाली तथा अनुसन्धान र विकासः**

२०१. नगरबासीहरुका विकासका आकांक्षालाई पूरा गर्न एवं समृद्ध नगरको सपनालाई यथार्थतामा परिणत गर्न योजना प्रणालीको अहंम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक समुदायको अपनत्व रहने, टिकाउ र गुणस्तरीय निर्माणको कार्यलाई सुनिश्चितताका साथ प्रोजेक्ट बैंकलाई परिस्कृत तवरले संचालन गरिनेछ । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको **"दीर्घकालिन योजना"** निर्माण गरिनेछ ।

२०२. निर्माणको चरणमा रहेको **"एकीकृत शहरी विकास योजना** (ईन्टि्रगेटेड अर्वान डिभलेपमेन्ट प्लान) कार्यान्वयन कार्यायोजना निर्माण गरी अगाडि बढाइनेछ ।

२०३. आगामी वर्ष तिलोत्तमा नगर सरकारको **आवधिक योजना, मध्यकालिन खर्च संरचना, आयोजनाहरुको प्राथमिकरण (P1, P2, P3) दीगो विकासको लक्ष्यको स्थानीयकरण, डुइङ्ग विजनेश सूचक (Doing Business Index)** को स्थानीयकरणको प्रतिवेदन, कार्यान्वयन कार्ययोजना निर्माण गरिनेछ । नगर सरकारका योजना, विकास र लगानीलाई **"समृद्ध नेपाल : खुसी नेपाली"** को अभियानसँग तादाम्यता मिलाईनेछ ।

२०४. नगर प्रमुख अध्यक्ष रहने सात सदस्यीय **"नगर योजना आयोग"** गठनको कार्यविधि निर्माणको काम अगाडि बढिसकेको छ भने उक्त कार्यविधि अनुसार नगर योजना आयोग गठन गरिनेछ ।

२०५. पूँजीगत खर्चको गुणस्तर बढाउन **"चैत्र मसान्त भित्र सम्झौता : जेठ मसान्त भित्र भुक्तानी"**को नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

२०६. सार्वजनिक खरिद नियमावली तर्जुमा गरी सार्वजनिक खरिद र विकास निर्माण बीच तालमेल मिलाईनेछ । विकास आयोजनाहरु तोकिएको

परिणाम, गुणस्तर, लागत र समय **(Quantitity, Quality, Cost & Time QQCT)** मा सम्पन्न हुनेगरी संयन्त्र निर्माण गराइनेछ ।

२०७. भौतिक पूर्वाधारको गुणस्तरको मापन गर्नको लागि आवश्यक प्राविधिक र यान्त्रिक व्यवस्थापन गरिनेछ । स्थानीय पूर्वाधारका लागि लगानीको सुनिश्चितता गर्न संघीय कानूनको अधिनमा रही परियोजनामा आधारित आन्तरिक ऋण परिचालन गरिने छ । यसरी आन्तरिक ऋण परिचालन गर्दा आ.ब. २०७५।०७६ को अनुमानित राजस्व र नेपाल सरकारको राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालनको प्रक्रिया सुरु गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु :**

२०८. तिलोत्तमा नगर सरकारको तर्फबाट मैले चालु वर्षमा प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउँदै, आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको समातामूलक विकासका लागि **"समृद्ध नगर : खुसी नगरबासी"** को आकाङ्क्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७६।२०७७ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

२०९. बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवाअवस्थामा शीप, उद्यमशीलता र रोजगारी जेष्ठ नागरिकलाई सम्मान, संरक्षण, महिलालाई समतामूलक अवसर सिर्जनाको लागि कार्यक्रम केन्द्रित गरिनेछ ।

२१०. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ, आर्थिक पारदर्शिता र सुशासन कायम हुनेछ । नगरको सेवाको गुणस्तर वृद्धि भई तिलोत्तमा नगर सरकार **"उत्कृष्ट नगर सरकार"** को रुपमा नेपालको मानचित्रमा तिलोत्तमा अंङ्कित हुनेछ।

२११. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रितिनिधिज्यूहरु र राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था, नागरिक समाज, बुद्धिजीवी र टोल विकास संस्था सञ्चारजगत् सुरक्षा निकाय तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसैगरी नगरको विकास

प्रयासमा सहयोग गर्नको लागि हातेमालो गरिरहेको इकोनोमि पोलिसी ईक्वूवेटर, (EPI) विश्व वैक र एशियाली विकास वैंकका नेपाल प्रतिनिधिलाई धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

बासुदेव घिमिरे
नगर प्रमुख